आज मिति २०७६/०२/०२ गते शुक्रबारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम वहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज वहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक वहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो वादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधि

**प्रस्तावहरु**

१. नागरिकता शिविरको खर्च सम्बन्धमा ।
२. साझेदारी छात्रवृत्तिको लागि कोटा निर्धारण सम्बन्धमा ।
३. कार्यक्रमका लागि प्रस्ताव छनौट गर्ने सम्बन्धमा ।
४. पशुतर्फको कार्यक्रम प्रस्ताव छनौट सम्बन्धमा ।
५. खरिद गरिएका सामग्रीहरु वितरण सम्बन्धमा ।
६. सडक मर्मत भुक्तानी सम्बन्धमा ।
७. गोठ तथा भकारो सुधार कार्यक्रम कार्यान्वयन मोडालिटी सम्बन्धमा ।
८. उद्यमशिलता कार्यक्रमका लागि वस्ती छनौट सम्बन्धमा ।
९. विज्ञापन प्रकाशन सम्बन्धमा ।
१०. कजवे मर्मत सम्बन्धमा ।
११. करार कर्मचारीको पोशाक भत्ता सम्बन्धमा ।
१२. स्वास्थ्य शिविर खर्च सम्बन्धमा ।
१३. शिक्षा शाखामा कर्मचारी काज सम्बन्धमा
१४. संघ तथा प्रदेश सरकारमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
१५. विविध तथा अन्य प्रासंगिक विषय

**निर्णय नं. १**

प्रस्ताव नं. १ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको केन्द्र ऐरेलीमा यही मिति २०७५ साल चैत्र महिनाको २४, २५, २६ र २७ गतेसम्म जिल्ला प्रशासन कार्यालय जाजरकोटको संयोजकत्वमा सञ्चालन गरिएको नागरिकता वितरणसहितको संयुक्त घुम्ति शिविरको व्यवस्थापन खर्च विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिकाका जेहेन्दार, मेधावी छात्रछात्राहरुलाई पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एम.बि.बि.एस. (MBBS) अध्ययनको लागि शिवालय गाउँपालिका र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहकार्यमा २ (दुई) वटा साझेदारी छात्रवृत्ती कोटा छुट्याउने र सो को लागि आवश्यक बजेट आगामी गाउँसभाबाट बिनियोजन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा छलफल गर्दा यस शिवालय गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गतका तपसिलमा उल्लिखित कार्यक्रमहरु गाउँ कार्यपालिकाको कार्यालयको व्यस्तताका कारण कार्यान्वयन गर्न कठिनाई हुने भएकोले देहायबमोजिमका प्रस्तावकहरुको प्रस्ताव स्वीकृत गरी सहकार्यमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको शिर्षक | विनियोजित रकम | प्रस्तावक |
|---|---|---|---|
| १. | छुवाछुत तथा जातिय विभेद विरुद्ध जनचेतनामुलक कार्यक्रम | रु. १,००,००० | नेपाल राष्ट्रिय दलित संघ, जिल्ला कार्यसमिति जाजरकोट |
| २. | सहकारी व्यवस्थापन तालिम | रु. १,५०,००० | आदर्श कृषि सहकारी लि. शिवालय, जाजरकोट |
| ३. | महिलाहरुका लागि सिलाई कटाई तालिम | २,००,००० | पश्चिम जाजरकोट विकास समाज, जाजरकोट |

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गतको निजी तथा व्यवसायिक वाखा फर्मलाई सहयोग कार्यक्रमको प्रस्ताव माग गरिएकोमा सो प्रस्तावहरुको विश्लेषण गरी प्रस्तावक छनौट गर्ने जिम्मा यसै गाउँपालिकामा गठन गरिएको कृषि विकास समितिलाई दिने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक विकास कार्यक्रममा राखिएको पाइप खरिद तथा वितरण, सुधारिएको चुलो वितरण र तारजाली खरिद तथा वितरण कार्यक्रमहरुका लागि आवश्यक सामग्रीहरु खरिद भई आइसकेकाले उक्त सामग्रीहरु वडासमितिको निर्णयका आधारमा माग भई आएबमोजिम वितरण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं. २ मा नवनिर्मित तिमिलेतडा कौशेटाकुरा सडक गत चैत्रमा आएको भारी वर्षाका कारण क्षतिग्रस्त हुन गएकोले सो सडक मर्मतका लागि प्राविधिक मुल्यांकनको आधारमा आवश्यक बजेट विनियोजन गर्ने ~~र सो~~ रकम कन्टिन्जेन्सी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा शिवालय गाउँपालिकाको आ.व. २०७५/७६ को बार्षिक विकास कार्यक्रममा राखिएको गोठ तथा भकारो सुधार कार्यक्रम कार्यान्वयनका लागि यस अघि निर्णय भएबमोजिम वडा नं. ४ का २२ घरधुरीलाई विनियोजित रकम दामासाहीले वितरण गर्ने र सो को लागि वडा समितिको सिफारिसका तत्तत् घरधुरीका मालिकहरुलाई पहिलो किस्तास्वरुप रु.५,००० उपलब्ध गराउने र कार्य सम्पन्न प्रतिवेदन तथा सिफारिस प्राप्त भएपछि मात्र बाँकी रकम उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा घरेलु तथा साना उद्योग विकास समिति, जाजरकोटको आर्थिक सहयोग तथा जिल्ला लघु उद्यमी संघ दैलेख र उद्यमशिलता विकास केन्द्र दैलेखको सहजीकरणमा आ.व. २०७५/७६ मा गरिबी निवारणका लागि सञ्चालन गरिने लघु उद्यम कार्यक्रमहरुमध्ये प्रस्तावका आधारमा छनौट भई आएको उद्यमशिलतासम्बन्धी कार्यक्रम शिवालय गाउँपालिकाको वडा नं. १ स्यापीमा र सामुदायिक भवन निर्माण कार्यक्रम शिवालय गाउँपालिकाको वडा नं. ६, सुँगुरखालबस्तीमा सञ्चालन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा शिवालय गाउँ कार्यपालिकाको कार्यालयको कानुन इकाईमा काम गर्न कठिनाई उत्पन्न भएकोले कानुनी सल्लाहकार करार गर्नका लागि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो । साथै यस गाउँपालकिाद्वारा खरिद गरिएको एम्बुलेन्स सञ्चालनका लागि एकजना हलुका सवारी चालक आवश्यक रहेकोले सो को समेत विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो । दुबै करार पदहरुको सिर्जना कार्य अनुमोदन आगामी गाउँसभाद्वारा गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा शिवालय गाउँपालिका वडा नं. १ मा रहेको मोर्क खोलामा गत वर्ष निर्माण गरिएको मोर्क खोला कजवे गतवर्षायामको भारी वर्षाका कारण भत्किन गई क्षतिग्रस्त भएकोले सोको मर्मत गर्न प्राविधिक लागत अनुमानका आधारमा सडक मर्मत सम्भार कोष शिर्षकबाट आवश्यक बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफल गर्दा शिवालय गाउँपालिकाको कार्यालयमा विभिन्न पदमा कार्यरत करारका कर्मचारीहरुलाई पोशाक भत्तास्वरुप जनही रु. ७,५०० उपलब्ध गराउने निर्णय गरियो । सो रकम चालुतर्फको अन्य भत्ता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. १२

प्रस्ताव नं. १२ मा छलफल गर्दा पहाडी क्षेत्र विकास अभियानले २०७५साल असोज महिनामा सञ्चालन गरेको आँखा, कान, घाँटी लगायतको स्वास्थ्य शिविरको खर्च प्रस्तावनाका आधारमा यस गाउँपालिकाले व्यहोर्नुपर्ने रकम रु. ६ लाख ४० हजार समपुरक कोषबाट प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. १३

प्रस्ताव नं. १३ मा छलफल गर्दा शिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कुनै पनि कर्मचारी नहुँदा सार्वजनिक सेवा प्रवाहमा कठिनाई रहेको, शिक्षासम्बन्धी कार्यको सहजिकरण हुन नसकेको अवस्थालाई मध्यनजर गरी शिवालय गाउँपालिकाको वडा नं. ३ स्थित सरस्वती माध्यमिक विद्यालयमा माध्यमिक तहका शिक्षक तथा पूर्व श्रोतव्यक्ति समेत रहिसक्नु भएका माविशिक्षक श्री इन्द्र बहादुर थापा क्षेत्रीलाई आगामी आषाढ मसान्तसम्म सार्वजनिक सेवा प्रवाहमा सहजिकरण गरिदिनका लागि यस गाउँपालिकाको शिक्षा शाखामा काजमा ल्याउने निर्णय गरियो ।

## निर्णय नं. १४

प्रस्ताव नं. १४ मा छलफल गर्दा शिवालय गाउँपालिकाको तर्फबाट संघ तथा प्रदेशको बार्षिक विकास कार्यक्रममा समावेशका लागि तपसिलका योजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

१. ऐरेली टाट्के सिंचाई आयोजना, शिवालय ३

२. ऐरेली खनेटा सडक, शिवालय २

३. तिमिलेपाखा चिउदुवा सडक, शिवालय ४

५. ताङ्गा हुदै चिउदुवा सडक, शिवालय ३

६. विउरेचुला मन्दिर निर्माण, शिवालय २

७. ढडमेला खानेपानी आयोजना, शिवालय १

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १५

प्रस्ताव नं. १५ विविध विषयमा छलफल गर्दा जित स्मृती प्रतिष्ठान, जाजरकोटलाई विविध खर्च शिर्षकबाट रु १०,००० उपलब्ध गराउने निर्णय गरियो ।

मिति २०७६/०२/०२ गते बिहिवारका दिन शिवालय गाउँकार्यपालिकाको सत्ताइसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत